# आन्तरिक लेखा परीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०८१।०८२

## पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## पथरी,मोरङ्ग

स्थानीय सरकार

Local government

# पथरी शनिश्चरे नगरपालिका
# Pathari Shanishchare Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं. ०८२/०८३
च.नं. ४४९

मितिः२०८२।०७।१६

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
पथरी शनिश्चरे नगरपालिकाको कार्यालय
पथरी,मोरङ्ग ।

विषयः आ व २०८१।०८२ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

यस पथरी शनिश्चरे नगरपालिकाको आ.व २०८१।०८२ को आम्दानी/खर्च को वार्षिक आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी तयार पारिएको पाना- ६ को प्रतिवेदन यसैसाथ संलग्न छ। प्रतिवेदनमा उल्लेखित व्यहोराको सम्बन्धमा प्रचलित कानुन बमोजिम ३५ दिन भित्र असुल/फछ्यौंट भएको प्रमाण वा वेरुजु कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जवाफ पेश गर्न अनुरोध छ ।

आन्तरिक लेखापरीक्षकः
नामः दिपा भुर्तेल
पदः आ.ले.प अधिकृत

दिपा भुर्तेल
आलेप अधिकृत (छैटौं)

बोधार्थः
श्री पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकाको कार्यालय पथरी, मोरङ्ग ।
श्री आर्थिक प्रशासन शाखा, पथरी शनिश्चरे नगरपालिकाको कार्यालय पथरी, मोरङ्ग ।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं ।

**१. कार्यालयको नामः** पथरी शनिश्चरे नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, पथरी, मोरङ।

**२. कार्यालयको उद्देश्य तथा परिचयः** नेपालको संविधान २०७२ बमोजिम स्थानिय तहको अधिकार सम्वन्धि व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी पुरा गर्न जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता सुनिश्चित गरि सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरि कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप संघिय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन प्रणालिलाई स्थानिय तह देखी नै सुदृढिकरण गर्न र स्थानिय नेतृत्व विकास गर्दै स्थानिय शासन पद्धतिलाई सुदृढ गरि स्थानिय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई सस्थागत गर्न पथरी शनिश्चरे नगरपालिका स्थापना भई कार्य सञ्चालन भई रहेको छ। मोरङ जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित पथरीशनिश्चरे नगरपालिका अन्तर्गत १० वडा,५५ सभासदस्य, क्षेत्रफल ७९.८१ वर्ग कि.मि. तथा जनसंख्या करिब ८० हजार रहेको छ।

**३. प्रमुख क्रियाकलापहरुः-**

क) स्थानिय विकासका लागि वार्षिक, आवधिक तथा विषय योजना तर्जुमा,

ख) स्थानिय सरकार संचालनको लागि आवश्यक कानून एवं मापदण्डको निर्माण,

ग) नगरसभाबाट पारित वार्षिक कार्यक्रम संचालन/कार्यान्वयन,

घ) स्थानिय सरकार संचालन ऐन बमोजिम स्थानिय सरकारले सम्पादन गर्ने कार्यहरु गर्ने,

ङ) संघीय सरकार र प्रदेश सरकार बाट हस्तान्तरित आयोजना/कार्यक्रम संचालन गर्ने,

च) न्यायिक सम्पादन सम्बन्धी कार्य गर्ने,

**४. कार्यालय प्रमुखको नामः**श्री प्रमुख प्रशासकिय अधिकृत शशि राई
(२०८०।०५।०१देखी हाल सम्म)

**५. आर्थिक प्रशासन प्रमुखको नामः** लेखा अधिकृत आठौं श्री पिताम्बर वस्ती
(२०७९।०४।०१ देखी हाल सम्म)

लेखापाल श्री गुणराज थापा (२०८०।११।१९ देखी हाल सम्म)

**६. परिक्षण गरिएको मितिः-** २०८१।०४।०१देखी २०८२।०३।३० सम्म

**७. परिक्षण गरिएका श्रेस्ताहरुः-**

- गोश्वारा भौचर तथा संलग्न कागजातहरु,
- बैंक नगदी किताबहरु

- खर्चको फाँटवारीहरु तथा सहायक खाताहरु
- आम्दानी विवरण
- खरिद सम्बन्धि निर्णय फाइलहरु
- अन्य

८. सम्बन्धित ऐन, नियम, निर्देशिका र कार्यविधि-

- स्थानिय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७
- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४
- भ्रमण खर्च नियमावली,२०६४
- पथरी शनिश्चरे नगर कार्यपालिका द्धारा निर्मित नियम तथा निर्देशिका लगायतका अन्य ऐन नियम तथा कार्यविधीहरु,

९. आर्थिक कारोबारको स्थितीः-

आयव्यय

<table>
<tr><td colspan="9">पथरी शनिश्चरे नगरपालिका</td></tr>
<tr><td colspan="9">पथरी शनिश्चरे नगरपालिको आ.व. 2081/082 को एकिकृत आर्थिक विवरण</td></tr>
<tr><td colspan="4">आय</td><td></td><td colspan="3">व्यय</td></tr>
<tr><td>सि.नं.</td><td colspan="2">विवरण</td><td>रकम रु.</td><td>सि.नं.</td><td colspan="2">विवरण</td><td>रकम रु.</td></tr>
<tr><td rowspan="6">1</td><td>गत आ.व.को मौज्दात अ.ल्या.</td><td></td><td rowspan="6">211695700.88</td><td rowspan="6">1</td><td colspan="2">कोष खाताको व्यय</td><td rowspan="6">१८६१२९०१.५९</td></tr>
<tr><td>सञ्चितकोष खाता बैंक</td><td>172378338.12</td><td>विविध कोष खाता</td><td></td></tr>
<tr><td>धरौटी खाता</td><td>20687172.21</td><td>क.महिला तथा बालवालिका कोष</td><td>0.00</td></tr>
<tr><td>विविध कोष खाता</td><td></td><td>ख.कर्मचारी कल्याण कोष</td><td>1809803.00</td></tr>
<tr><td>क.महिला तथा बालवालिका कोष</td><td>289900.00</td><td>विविध खर्च खाता</td><td>15457709.59</td></tr>
<tr><td>ख.कर्मचारी कल्याण कोष</td><td>4066841.38</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>778271.00</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विभाज्य कोष | 0.00 | | | विभाज्य कोष स्थानीय | 567118.00 | |
| | विविध खर्च खाता | 4285030.17 | | 2 | चालु खर्च खाता निशर्त | | १९८९८६१७४.५२ |
| | प्रकोपं व्यवस्थापन कोष | 9988419.00 | | | पथरी शनिश्चरे नगरपालिका आन्तरिक स्रोत | 141746719.05 | |
| | आन्तरिक श्रोत आम्दानी | | | | राजश्व बाँडफाड संघ | 23639301.47 | |
| | आन्तरिक आम्दानी दाखिला बाँकि | 0.00 | | | राजश्व बाँडफाड प्रदेश | 9348289.00 | |
| 2 | आन्तरिक राजश्व | 47684071.13 | 47684071.13 | | राजश्व बाँडफाड स्थानीय | 9249027.00 | |
| | जिल्ला समन्वय समिति | 0.00 | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समानीकरण अनुदान | 15002838.00 | |
| | राजश्व बाँडफाँड | | | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम समानीकरण अनुदान | 0.00 | |
| 3 | संघ | 113094171.01 | 152491057.57 | 3 | पुजीगत खर्च निशर्त | | २०३०६५०४५.११ |
| | प्रदेश | 16065107.96 | | | पथरी शनिश्चरे नगरपालिका आन्तरिक स्रोत | 21071986.00 | |
| | स्थानीय | 23331778.60 | | | राजश्व बाँडफाड संघ | 40597637.47 | |
| | संघ सरकारबाट प्राप्त अनुदान | | | | राजश्व बाँडफाड प्रदेश | 637263.00 | |
| | समानिकरण अनुदान | 155166160.00 | | | राजश्व बाँडफाड स्थानीय | 1819013.00 | |
| 4 | शशर्त अनुदान चालु | 272086000.00 | 490727160.00 | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समानीकरण अनुदान | 130048013.90 | |

| | | | |
|---|---|---|---|
| | शशर्त अनुदान पुजीगत | 23525000.00 | |
| | समपुरक अनुदान | 25000000.00 | |
| | विशेष अनुदान | 14950000.00 | |
| 5 | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 38842000.00 |
| | समानिकरण अनुदान | 10864000.00 | |
| | शसर्त अनुदान चालु | 1828000.00 | |
| | शसर्त अनुदान पुजीगत | 13150000.00 | |
| | समपुरक अनुदान | 13000000.00 | |
| | विशेष अनुदान | 0.00 | |
| 6 | को.ले.नि.का. तर्फ(खर्च) | | 381098123.91 |
| | सामाजिक सुरक्षा | 339186005.00 | |
| | पर्यटन पुर्वाधार विकास आयोजना | 7272233.68 | |
| | स्वास्थ्य सुधार कार्यक्रम | 10418248.56 | |
| | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | 24221636.67 | |
| 7 | कोष खाताहरुको आम्दानी | | 30493260.41 |
| | धरौटी खाता | 11800712.00 | |
| | विविध कोष खाता | | |
| | क.महिला तथा बालवालिका कोष | 0.00 | |
| | ख.कर्मचारी कल्याण कोष | 3000000.00 | |
| | ग.विविध कोष खाता | | |
| | विविध खर्च खाता | 14944430.41 | |
| | प्रकोप व्यवस्थापन कोष | 181000.00 | |
| | स्थानीय विभाज्य कोष | 567118.00 | |

| | | | |
|---|---|---|---|
| | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम समानीकरण अनुदान | 8891131.74 | |
| 4 | संघीय सरकार शसर्त अनुदान | | ३०३१०८०१५.५४ |
| | शसर्त अनुदान चालु | 252354786.54 | |
| | शसर्त अनुदान पुँजिगत | 21541727.00 | |
| | विशेष अनुदान | 6791122.00 | |
| | समपुरक अनुदान | 22420380.00 | |
| 5 | प्रदेश सरकार शसर्त अनुदान | | 25869520.10 |
| | शसर्त अनुदान चालु | 1759120.00 | |
| | शसर्त अनुदान पुजिगत | 11333203.00 | |
| | समपुरक अनुदान | 12777197.10 | |
| 6 | संघीय सञ्चितकोष फिर्ता | | 32452984.47 |
| | शसर्त अनुदान चालु | 19731213.47 | |
| | शसर्त अनुदान पुजीगत | 1983273.00 | |
| | विशेष अनुदान | 8158878.00 | |
| | समपुरक अनुदान | 2579620.00 | |
| 7 | प्रदेश सञ्चितकोष फिर्ता | | 2108479.90 |
| | शसर्त अनुदान चालु | 68880.00 | |
| | शसर्त अनुदान पुजीगत | 1816797.00 | |
| | समपुरक अनुदान | 222802.90 | |
| 8 | धरौटी फिर्ता | 9630568.33 | 9630568.33 |
| 9 | को.ले.नि.का. तर्फ | | 381098123.91 |
| | सामाजिक सुरक्षा | 339186005.00 | |
| | पर्यटन पुर्वाधार | 7272233.68 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | विकास आयोजना | | |
| | | | | | स्वास्थ्य सुधार कार्यक्रम | 10418248.56 | |
| | | | | | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | 24221636.67 | |
| | | | | 10 | बैंक तथा नगद मौज्दात | | 178099560.43 |
| | | | | | धरौटी मौज्दात | 22857315.88 | |
| | | | | | सञ्चित कोष | 136532407.18 | |
| | | | | | विविध कोष खाता | | |
| | | | | | क.महिला तथा बालवालिका कोष | 289900.00 | |
| | | | | | ख.कर्मचारी कल्याण कोष | 5257038.38 | |
| | | | | | विविध खर्च खाता | 3771750.99 | |
| | | | | | प्रकोप व्यवस्थापन कोष | 9391148.00 | |
| जम्मा रकम रु | | | 1353031373.90 | जम्मा रकम रु | | | 1353031373.90 |

१०. लेखा परिक्षणबाट देखिएका व्यहोराहरु:-

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु/गौ.भौ. नं | बेरुजु |
|---|---|---|
| | लेखापरीक्षणको क्रममा असुलीः | |

| शिर्षक | नाम | असुल भएको रकम |
|---|---|---|
| बढी भुक्तानी | श्री बुढाथोकी निर्माण सेवा | २२१५९। |
| बहाल कर | दिर्घराज राय | ९०० |
| अग्रिम आयकर | तिम्मा साप्ताहिक | १२० |
| बहाल कर | इङ्घङ्ग मिडिया प्रा. लि | ८७४ |
| अग्रिम कर | कार्यालय | २७० |

| | | |
|---|---|---|
| बहाल कर | श्री जलदेवि मन्दिर | ३०० |
| बढी भुक्तानी | गिता कट्टेल | १२००० |
| बढी ग्रेड भुक्तानी | रंजित राजबंशी | २०८४५ |
| बढी ग्रेड भुक्तानी | इन्द्र प्रसाद पराजुली | ४०२९९ |
| बढी ग्रेड भुक्तानी | दिपा भुर्तेल | ७२८० |
| बढी ग्रेड भुक्तानी | हसरत अली नेपाल | १०६३८ |
| बढी ग्रेड भुक्तानी | समिर प्रसाद काफ्ले | ४०२९९ |
| बढी ग्रेड भुक्तानी | शिव कुमार राइ | २९१२ |
| बढी ग्रेड भुक्तानी | केशव देवि धमला | २९१२ |
| बढी ग्रेड भुक्तानी | बिना मिश्र | २६८५ |
| बढी भुक्तानी | पथरी शनिश्चरे ब्याडमिन्टन क्लब | २०४१८ |
| बढी भुक्तानी | भुल्के व्यामशाला | ५०४२ |
| **जम्मा** | | १८९९५३। |

११. **वित्तिय विवरणः** स्थानीय सरकार संचालन ऐन,को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाव राखुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य

प्रणाली को व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्छ।

१२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार संचालन ऐन २०७४ को विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालन भएको देखियो । अतःपालना नभएका व्ववस्थाहरु र आशिंक रुपमा मात्र पालना भएका व्ययवस्थाहरु सुधार गर्दै आगामी दिनमा लागु गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन निम्न व्यहोराहरु पालना गर्नुपर्ने देखिन्छ ।

- स्थानीय सरकार संचालन ऐन,२०७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्ववस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाई खरिद कार्यलाई प्रभावकारी बनाउने तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ ।
- संस्था दर्ता ऐन,२०७४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरि गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई कार्यान्वयन गरेको देखिएन ।
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ अनुसार सार्वजनिक बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ। कार्यालयले सोही अनुसार बेरुजु लगत अद्यावधिक गरिएको छैन। आगामी दिनमा उक्त कार्य सुधार गर्नुपर्ने देखिन्छ।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो कार्य गरिएको पाईएन। आगामी दिनमा उक्त कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।
- निजामति सेवा ऐन, २०४९ को दफा ७(ख)(२) बमोजिम तलवि प्रतिवेदन पास गरि तलवि खर्च लेख्नु पर्नेमा सो गरेको देखिएन तसर्थ तलवि प्रतिवेदन पास गरेर मात्र तलव भुक्तानी गर्नु पर्दछ।
- तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी विश्वसनिय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बजेट तथा कार्यक्रम**

१३. **बजेट पेश,पारित र अख्तियारीः-** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरि असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले नीति २०८१।०३।१० मा नीति तथा कार्यक्रम एवम ८२ करोड ३५ लाख २३ हजार ५सय ५३ रुपैंया सठ्चालिस पैसाको बजेट पेश भै २०८१।०३।१०

| | | |
|---|---|---|
| | गते पारित भएको छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम यस पालिकाले २०८१।०४।१० मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ। | |
| १४. | **बजेट तथा कार्यक्रम तर्जुमाः**-स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी आ.व को निति तथा कार्यक्रमको प्राथमिकता,विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा संघीय सरकार,प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित योजना र नगरपालिकाबाट संचालित योजना बिच दोहोरोपन आउन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा संचालन नगरी बजेट एकै ठाँउबाट संचालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिन आवश्यक देखिन्छ । | |
| १५. | **समन्वयः**- नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार प्रदेश सरकारको निकाएआबाट नगरपालिका भित्र गरिने कार्यको जानकारी नगरपालिकालाई गराई समन्वयात्मक किसिमले कार्य संयन्त्रको विकास गर्नुपर्दछ। | |
| १६. | **बढी भुक्तानी- न.पा पुजिगत तर्फ गौ.भौ न २५५** मा श्री जालपा सिंहदेवि आ.वि लाई विधालय मर्मत वापत प्राविधिक इस्टिमेट तथा नापजाँचको आधारमा जम्मा बिल भरपाइ रु.१७१२२७। हुनुपर्ने तर विधालयले रु.१७०३८१।को बिल भरपाइ मात्र पेश भएकाले उक्त बेरूजु रकम असुल गर्नुपर्ने रू. | ८४६ |
| १७. | **बढी भुक्तानी- न.पा चालु तर्फ गौ.भौ न १६८२** मा वडा नं ४ को उज्यालो वडा कार्यक्रम अन्तर्गत सडक विस्तार कार्यको लागि प्राविधिक नापिबिल तथा कार्यसम्पन्न प्रतिवेदन को आधारमा अम्बे श्री इलेक्ट्रोनिक्स एण्ड सप्लार्यस पसल लाई जम्मा भुक्तानी दिनुपर्ने रकम रु.२०६६१३।५२ रहेको तर कार्यालयले रु.२१२३७३। रुपैया भुक्तानी दिएकोले बढी रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | ५७६० |
| १८. | <u>क्षेत्रगत बजेटः</u> स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय बमोजिम रहेको देखिन्छः | |

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५७९६१६७.०० | २८५८११०४.०० | ७९.८४ |
| २ | सामाजिक विकास | १९००८०६३५.०० | १६१००४१०२.७३ | ८४.७ |
| ३ | पूर्वाधार विकास | ३१९३९४१९८.०० | २३८४५१६२२.२२ | ७४.६६ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १४०८४०००.०० | ९१२५९१४.०० | ६४.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कार्यालय सञ्चालन तथाप्रशासन | ३२०९८६०००.०० | २८४१९७५७२.३३ | ८८.५४ | |
| | **जम्मा** | ८८०३४१०००.०० | ७२१३६०३१५.२८ | ८१.९४ | |

१९. **विविध खर्चः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस आ.व मा विविध खर्चमा रु.३६०१६२७। रुपैया खर्च गरेको देखिन्छ। आन्तरिक आय न्युन रहेको पालिकामा विविध तथा अन्य फजुल खर्च जस्ता विषयमा खर्च मितव्ययी गराउनुपर्दछ।

२०. **आर्थिक सहायताः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकम बाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् सस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। पालिकाले यस वर्ष आर्थिक सहायता खर्च शीर्षकबाट रु.३९ लाख २९ हजार ४ सय ४० रुपैया खर्च गरेको छ। नगरपालिकाले आर्थिक सहायता सम्बन्धि तयार गरेको कार्यविधिको परिधि भित्र रहेर आवश्यक प्रमाण खुल्ने कागजात सहित वास्तविक लाभग्राहीको पहिचान गरेर मात्र यस्तो खर्च लेख्ने कार्य गर्नु पर्दछ।

२१. **आन्तरिक आयः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानुन अनुसार कर लगाउने तथा अशुल गर्न सक्ने व्यवस्था रहेको छ। जस अनुसार पालिकाले यस वर्ष विभिन्न शिर्षकमा तपशिल बमोजिम आम्दानी गरेको देखिन्छ।

**वडागत आय विवरणः**

| क.स | राजश्व संकलन गर्ने कार्यालय | जम्मा |
|---|---|---|
| १ | पथरी शनिश्चरे नगरपालिका, मोरङ्ग | २,०१,६७,९६१.८८ |
| २ | पथरी शनिश्चरे नगरपालिका,१ नं. वडा कार्यालय, मोरङ्ग | ४६,४४,२८८.०० |
| ३ | पथरी शनिश्चरे नगरपालिका,२ नं. वडा कार्यालय, मोरङ्ग | ४५,९९,५८३.०० |
| ४ | पथरी शनिश्चरे नगरपालिका,३ नं. वडा कार्यालय, मोरङ्ग | २४,८७,२५२.०० |
| ५ | पथरी शनिश्चरे नगरपालिका,४ नं. वडा कार्यालय, मोरङ्ग | २३,८४.०८६.०० |
| ६ | पथरी शनिश्चरे नगरपालिका,५ नं. वडा कार्यालय, मोरङ्ग | ३७,१७,७२८.०० |
| ७ | पथरी शनिश्चरे नगरपालिका,६ नं. वडा कार्यालय, मोरङ्ग | ३२,१५,४४३.०० |
| ८ | पथरी शनिश्चरे नगरपालिका,७ नं. वडा कार्यालय, मोरङ्ग | ११,७९,०३८.०० |
| ९ | पथरी शनिश्चरे नगरपालिका,८ नं. वडा कार्यालय, मोरङ्ग | १५,४९,१८९.०० |
| १० | पथरी शनिश्चरे नगरपालिका,९ नं. वडा कार्यालय, मोरङ्ग | २२,३०,०८२.०० |

| | | |
|---|---|---|
| ११ | पथरी शनिश्चरे नगरपालिका,१० नं. वडा कार्यालय, मोरङ्ग | १८,८०,६१२.२५ |
| जम्मा | | ४,८०,५५,२६३.१३ |
| **Direct Bank Deposit** | | १,९५,९२६.०० |
| जम्मा | | ४,८२,५१,१८९.१३ |

<u>समग्र पालिकाकाको शीर्षकगत आय विवरण</u>

आ.व. २०८१।०८२ मा संकलित आन्तरिक राजस्व

| क्र.सं. | आम्दामी शीर्षक | संकलन भएको रकम | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति कर | ५१,९३,२५३.०० | |
| २ | भूमिकर\ मालपोत | ८३,८२,७९९.०० | |
| ३ | वहाल कर | ४६,८५,७२९.५६ | |
| ४ | वहाल विटौरीकर | १९,४५,७८०.०० | |
| ५ | सवारी साधन कर (साना सवारी) | १५००.०० | |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ६०००.०० | |
| ७ | व्यवसाय रजिष्ट्रेशनदस्तुर | १,८३,५०० | |
| ८ | अन्य कर | ४८,६९०.०० | |
| ९ | सरकारी सम्पति वहालबाटप्राप्त आय | ३३,०५,५७२.०० | |
| १० | सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | ६५,६००.०० | |
| ११ | अन्य सेवा शुल्क तथा बिक्रि | २२,७०,६०६.६५ | |
| १२ | विधुत सेवा शुल्क | ३,२४० | |
| १३ | न्यायिक दस्तुर | ३६,२००.०० | |
| १४ | परिक्षा शुल्क | ४,६२,२००.०० | |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | ३,४५,५५० | |
| १६ | नक्सा पास दस्तुर | २५,२९,३३१.४५ | |
| १७ | सिफारिस दस्तुर | ५३,०५,७६२.०० | |
| १८ | व्यक्तिगत घटना दस्तुर | ८,७२,६३८.०० | |
| १९ | नाता प्रमाणित दस्तुर | ९,४८,५२८.०० | |

| | | | |
|---|---|---|---|
| २० | अन्य दस्तुर | ३५,८४,६३६.०० | |
| २१ | न्यायिक दण्ड जरिवानार जफत | ९५० | |
| २२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ६,९१,७३०.०० | |
| २२ | व्यवसाय कर | ६०,२२,९८० | |
| २३ | प्रदुषण नियन्त्रणशुल्क | ३,१८० | |
| २४ | अन्य राजश्व | ७९,१०० | |
| २५ | बेरुजु | ७,०९,०१५.४७ | |
| २६ | विज्ञापन कर | ३,४२,११८.०० | |
| २७ | दहत्तर बहत्तर शुल्क | २,२५०००.०० | |
| | **जम्मा** | ४,८२,५१,१८९.१३ | |

पालिकाले निर्धारण गरेका करका दरहरुमा पुनरावलोकन गरि करका दायराहरु विस्तार गरेर आन्तरिक आय वस्तुनिष्ठ तरिकाले अनुमानित गरी राजश्व असुल गर्नुपर्ने देखिन्छ।

२२. **मसलन्द तथा कार्यालय सामान खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्प्रर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने भनि स्पष्ट व्यवस्था गरेको छ। सार्वजनिक प्रक्रियामा प्रतिस्प्रर्धा स्वच्छता इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रदान गर्न खरिद योजना निर्माण गर्ने,खरिद माग प्राप्त गर्ने खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी खरिद गर्नुपर्ने देखिन्छ।

२३. **बेरुजु लगतः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ८८ अनुसार सार्वजनिक बेरुजु लगतका लागि मलेप फारमको व्यवस्था गरिएको छ। कार्यालयले सोहि अनुसार बेरुजु लगत अध्यावधिक गरेको देखिएन। आगामी दिनमा उक्त कार्यमा सुधार गर्नुपर्ने देखिन्छ।

२४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ बमोजिम स्थानिय तहले प्रत्यक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन, स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न योजनाको लागत लाभ विश्लेषण गरि लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन लाई प्रभावकारी बनाउन कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

२५. **विलको आधारमा भुक्तानीः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ बमोजिम

| | | |
|---|---|---|
| | लेखा राख्दा खर्च पुष्ट्याई गर्ने कागजात, विल, भर्पाई तथा सो सँग सम्बन्धित आवश्यक कागजात सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था छ तर नगरपालिकाले लेखा राख्दा कतिपय विलको आधारमा मात्र भुक्तानी दिएको देखिएकोले नियम सम्मत नभएको पाइयो अव उपरान्त खर्च पुष्ट्याई गर्ने कागजात संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्दछ। | |
| २६. | **पत्रपत्रिका छपाई तथा सुचना प्रकाशनः** विभिन्न मिडीया हरुमा सुचना प्रकाशन गर्दा प्रतिस्प्रर्धा गराई छुटको व्यवस्था गर्नुपर्दछ। कार्यालयले विभिन्न सुचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु तथा मिडीया मार्फत गरी खर्च गरेको र उक्त मिडीया फर्महरुले केही प्रतिशत मात्र छुटको व्यवस्था गरेको देखिन्छ। सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तैः सरकारी समाचार पत्रमा २५% छूटको व्यवस्था रहेको हुँदा मिडीयाहरु बिच प्रतिस्प्रर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्म संग सेवा लिनु पर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। साथै शुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी बिज्ञापन प्रदान गरेको भनि पटक-पटक विभिन्न मिडिया फर्मलाई भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ | |
| २७. | **अनुदानको अनुगमनः** स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन,मापदण्ड,कार्यविधी बनाई सोही अनुसार खर्च गर्नुपर्ने व्वयस्था छ। खर्च गरिएको रकमको सदुपयोग भएनभएको एकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ। तसर्थ अनुगमन कार्यलाई प्रभावकारी बनाई संघीय,प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्राहीको जिवनस्तरमा सुधार आए नआएको एकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २८. | **सार्वजनिक विधालयको शैक्षिक गुणस्तरः** नेपालको संविधानको अनुसुचि-८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार अन्तर्गत पर्ने उल्लेख छ । यसै अनुरुप स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (ज) मा स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्ने,शिक्षा सम्बन्धि निति,योजना तथा मापदण्ड बनाई विद्यालय संचालनमा सहजिकरण गर्ने तथा मापदण्ड बनाई विद्यालय संचालनमा सहजिकरण गर्ने तथा मापदण्ड पालना भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सार्वजनिक विधालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाएको देखिएन । नियमानुसार मापदण्ड बनाई मापदण्ड बमोजिम अनुगमन,मुल्याकंन गरि अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ । साथै अनुगमन मुल्याकंनको क्रममा कमजोर देखिएका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। | |

| | | |
|---|---|---|
| २९. | **जिन्सी दाखिलाः** नगरपालिकाको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गर्ने विभिन्न संघ सस्था, क्लब,समूहहरुले जिन्सी सामान खरिद गरि जिन्सी दाखिला गरेको देखिएन यस्तो कार्यक्रमहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा जिन्सी दाखिला प्रतिवेदन सम्लग्न रहे नरहेको यकिन गरेर मात्र भुक्तानी दिनु पर्दछ। | |
| ३०. | **योजना निर्माण र कार्यान्वयनः** स्थानिय सरकार जनताको नजिकको सरकार भएको र विकास निर्माणमा तथा योजना निर्माणमा सर्वसाधारणाको अधिक सहभागिता गराई कार्यक्रमको प्राथमिकिकरण गरी योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ। | |
| ३१. | **उपभोक्ता समिति मार्फतको निर्माण कार्यमा हेभि मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ बमोजिम उपभोक्ता समिति मार्फत निर्माण गर्दा हेभी मेसिन प्रयोग गर्न नपाइने तर लागत अनुमानमा नै उल्लेख भएकोमा प्राविधिकको सिफारिस बमोजिम प्रयोग गर्न सकिने व्यवस्था रहेकोले यस कार्यालयबाट उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा उक्त कानून पालना गर्नु पर्दछ। | |
| ३२. | **बेरोजगारी न्युनीकरणः**नगरपालिकाले स्थानिय स्तरको बेरोजगार युवाहरुलाई लक्षित गरी उनीहरुको चाहना अनुसारका सिपमुलक तालिम/कार्यक्रम छनौट तथा कार्यान्वयन गरी बेरोजगारी न्युनीकरणमा जोड दिनुपर्दछ । | |
| ३३. | योजना निर्माण कार्य, तालिम कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन नियमावली, अर्थ मन्त्रालय र प्रदेश सरकारको मापदण्ड पालना गर्नुपर्दछ । | |
| ३४. | नगरपालिकाले नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रमहरु समयमानै सम्पन गर्न कार्ययोजना तयारी गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ। | |
| ३५. | **पेश्की तर्फः**आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटँबारी पेश गरी फर्छ्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फर्छ्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्म निम्नानुसार बाँकी रहेको पेश्की असुल फर्छ्यौट हुनुपर्ने रु. | |

| पेश्की बाँकी | | | |
|---|---|---|---|
| **शीर्षक** | **म्यादननाघेको** | **म्यादनाघेको** | **जम्मा** |
| पदाधिकारी | ० | ० | |
| कर्मचारी | ० | ० | ० |
| ठेकेदार | | ९८०४१०० | ९८०४१०० |
| संस्थागत | | १४४१२० | १४४१२० |

| | | | |
|---|---|---|---|
| उपभोक्तासमिति | | १०४५३५५ | १०४५३५५ |
| व्यक्तिगत | | १२३३०० | १२३३०० |
| आपुर्तिकर्ता | ० | ० | ० |
| परामर्शदाता | ० | ० | ० |
| **जम्मा** | | ११११६८७५ | ११११६८७५ |

| | | |
|---|---|---|
| ३६. | **धरौटी**:गत आ.व को धरौटी अ.ल्या रु.२,०६,८७,१७२.२१। मौज्दात,चालु आ.व मा रु.१२०४४०२२। प्राप्ती भएको, धरौटी फिर्ता ९८,७३,८७८.३३। हुन गई यस आर्थिक वर्षको अन्तिम मौज्दात रु. २,२८,५७,३१५.८८। रहेको छ । | |
| ३७. | कर्मचारीहरुको क्षमता अभिवृद्धी गरी सेवा प्रवाहमा गुणस्तरियता कायम गर्न क्षमता अभिवृद्धी सम्बन्धी तालिम कार्यक्रम संचालन गर्दै कर्मचारीहरुलई काम प्रति अझ क्रियाशिल बनाउन ध्यान दिनुपर्दछ। | |
| ३८. | यस कार्यालयमा आन्तरिक लेखापरीक्षणको क्रममा देखिएको अधिकांश कमीकमजोरी तथा त्रुटी तत्काल सच्याउन लगाईएको हुदाँ यसरी सच्चिएको विषयलाई यस प्रतिवेदनमा समावेश गरिएको छैन। | |
| ३९. | **आन्तरिक लेखा परीक्षण बेरुजु फर्छयौटको अवस्था**: विगतको अवधिमा आन्तरिक लेखापरीक्षण बाट देखिएको बेरुजुहरु नियमित रुपमा फर्छयौट नभएकाले बेरुजु नियमित रुपमा फर्छयौट गर्दै आन्तरिक लेखापरीक्षण द्धारा दिइएका सुझाव तथा सुधारका कुराहरु कार्यान्वयन गर्दै जानुपर्दछ । | |

दिपा भुर्तेल
आन्तरिक लेखापरीक्षक

दिपा भुर्तेल
आलेप अधिकृत (छैटौं)